## Tribhuvan University

2079

Bachelor Level **4 Yrs. Prog.** / Humanities / II Year

अनिवार्य नेपाली -४०२

Full Marks: 70

Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

१. तलका दुवै प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दको अक्षरीकरण र अक्षर सङ्ख्याङ्कनसमेत गर्नुहोस् :

हिमाली प्रकृतिको सौन्दर्य निकै रमणीय हुन्छ । त्यो देखेर हामी मरख पर्छौं । प्राकृतिक सौन्दर्य हेर्दा मन प्रफुल्ल हुन्छ ।

(ख) तलको अनुच्छेदलाई वर्णविन्यास मिलाई शुद्ध गर्नुहोस् :

दुलहीले सिर उठाई, घर तिर आँखा दौडाई र कराउन थाली 'आउ मान्छेहरू, र अबस्था हेर, म यस जड्याहाकी दुलही कसरी हुन सक्छु !

२. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) निम्नलिखित गद्यांश पढी दुई तत्सम, दुई तद्भव र दुई आगन्तुक शब्द पहिचान गर्नुहोस् :

हामीले पर्खिरहे पनि त्यो मान्छे आएन । सबै विद्यार्थी उसलाई बदमास भन्छन् । सबैले बेसरी मेहनत गरे । सबैलाई धन्यवाद, फेरिफेरि पनि यस्तै सहयोगको अपेक्षा गर्दछु ।

**अथवा**

माथि प्रश्न नं. २ (क) को अनुच्छेदमा रेखाङ्कित शब्दको पदवर्ग पहिचान गर्नुहोस् ।

(ख) तलको अनुच्छेदका रेखाङ्कित शब्दका निर्माणप्रक्रिया देखाउनुहोस्

रत्यौली नेपालको मौलिक संस्कृति हो । यो गीत, नृत्य र वाद्यको त्रिवेणी हो । यसमा महिलाहरूद्वारा नाचगान, हाँसोठट्टा र अभिनयात्मक प्रस्तुति पनि हुन्छ । यसमा बाजागाजाको प्रयोग, आमनेसामने बसेर दोहोरी अनि गीतको हानाहान पनि हुन्छ ।

(ग) निम्नलिखित अनुच्छेद पढी छ ओटा प्राविधिक/पारिभाषिक शब्द टिपोट गर्नुहोस् :



अहिलेको शैक्षिक कार्यक्रम चुनौतीपूर्ण हुँदै आएको छ । परम्परागत शिक्षाभन्दा पनि अहिले सीपमूलक, स्वरोजगारमूलक र प्राविधिक शिक्षाको खाँचो देखापरेको छ । त्यसका लागि आवश्यक पाठ्यक्रम, पाठ्यवस्तु, शिक्षणविधि र मूल्याङ्कन पद्धतिमा पनि सुधार गर्नुपर्छ । विशेषज्ञहरूद्वारा तालिमप्राप्त व्यक्तिहरूबाट औपचारिक शिक्षाका साथै प्रौढ शिक्षा, महिलाशिक्षा आदि अनौपचारिक शिक्षा दिनुपर्दछ । त्यसका लागि शैक्षिक संस्था, विद्यालय र सरकारको मात्र भर नपरी विभिन्न गैरसरकारी एवं स्वयम्सेवी संस्थाहरूले पनि योगदान दिन सक्छन् ।

३. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) पूर्ण भविष्यत्कालको प्रयोग गरी छवटा वाक्यमा आफूले आउने दिनमा गर्ने कार्यको वर्णन गर्नुहोस् ।

(ख) कर्मवाच्यका छवटा वाक्यमा आफूले गरेको यात्राको वर्णन गर्नुहोस् ।

(ग) तलका वाक्यहरूलाई एउटै संयुक्त वाक्यमा वाक्यान्तरण गर्नुहोस् :

विद्यार्थीहरू राम्रो पठनपाठनका लागि निजी विद्यालयमा भर्ना भए । त्यहाँ विद्यार्थीहरूले सोचेजस्तो पठनपाठन भएन । विद्यालय प्रशासनले सुधारका निम्ति प्रयास गर्‍यो । विद्यालयको प्रयासले समस्याको समाधान भएन । अभिभावकहरूले त्यो समस्या थाहा पाए । धेरै अभिभावकहरूले आफ्ना नानीबाबुहरूलाई विद्यालयबाट निकाले ।

४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तल दिइएको तालिकालाई अनुच्छेदमा रूपान्तरण गर्नुहोस् :

नेपालमा जन्म र मृत्यु दर

| अवधि | प्रतिवर्ष जीवित जन्म | प्रतिवर्ष मृत्यु | प्रतिवर्ष प्राकृतिक परिवर्तन |
|---|---|---|---|
| सन् २००५–२०१० | ७,३२,००० | १,७७,००० | ५,५५,००० |
| सन् २०००–२००५ | ७,९७,००० | २,०१,००० | ५,९६,००० |
| सन् १९९५–२००० | ८,०५,००० | २,२४,००० | ५,८१,००० |
| सन् १९९०–१९९५ | [illegible] | [illegible] | [illegible] |

अथवा

तलको अनुच्छेदमा दिएका सूचना र तथ्यलाई रेखाचित्रमा रूपान्तरण गर्नुहोस् :

नेपालमा सन् २०११ को जनगणनाअनुसार जातिगत वितरणमा पहाडी जनजातिको सङ्ख्या सबभन्दा ठूलो देखापर्दछ जसमा २२.२% जनसङ्ख्या रहेको छ । त्यसपछि १९.२% रहेको क्षेत्री (क्षेत्री, ठकुरी, सन्यासी) को सङ्ख्या दोस्रो ठूलो देखिन्छ । त्यसैगरी तराई मध्यम जाति १३.८%, बाहुन १२.७%, तराई जनजाति ८.६%, पहाडी दलित ८.१%, तराई दलित ५.९%, नेवार ५% र मुस्लिम ४.४% रहेका छन् ।

(ख) 'स्वस्थ जीवनका लागि खेलकुद' शीर्षकमा १०० शब्दमा नघटाई एउटा अनुच्छेद लेख्नुहोस् ।

५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूले केकस्तो व्याकरणिक संसक्ति निर्माण गरेका छन् ?

माछापुच्छ्रे हिमाल पोखराभ्रमणको मुख्य आकर्षणको केन्द्रबिन्दु हो । माछापुच्छ्रे फेवातालबाट पनि देख्न सकिन्छ । किनभने त्यसलाई छेक्ने बिंचमा अग्लो डाँडा छैन । पर्यटक बिहानीमा यसको सौन्दर्य हेर्न सराङकोट जानेगर्छन् ।

(ख) तलको गद्यांशमा रेखाङ्कित शब्दहरूले के कस्तो कोशीय संसक्ति निर्माण गरेका छन् ?

मान्छेमा काम, क्रोध, लोभ, मोह हुन्छन् । यस्ता मनोविकार त्याग्न सके मात्र सद्गुणी हुन सकिन्छ । यी कुरा त्याज्य र दया, करुणा, अहिंसा, सत्य जस्ता कुरा काम्य हुन्छन् ।

पत्रकारिता सूचना हो । यो सञ्चार हो किनभने यसले जनमानसमा सन्देश प्रवाह गर्दछ । कुनै पनि घटनालाई सीमित शब्द, ध्वनि, तस्बिर वा दृश्यमा छनोट गरेर नयाँ कुरा जान्न चाहने व्यक्तिको जिज्ञासालाई यसले शान्त पार्दछ । विभिन्न माध्यमबाट सबै प्रकारका सूचना प्रवाह गरी सुसूचित गर्ने हुनाले यसलाई समाजको ऐना पनि भनिन्छ । व्यक्तिगत चरित्रहत्या गर्ने नियतले सूचनालाई अतिरञ्जित गर्ने





पीतपत्रकारिताले भने यसलाई बदनाम गराएको छ । पीतपत्रकारिता पहिलो रङ्गको भने हुँदैन ।

६. (क) तलको गद्यांश पढी अन्त्यमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् : १.५×४=६

आकर्षणशक्तिको सिद्धान्त भलादमीउपर घट्छ । भलादमीको नजिकमा एउटा नदेखिने चुम्बकले तान्दछ । जबसम्म तिमी भलादमीहरूको छायामा रहन्छौ तबसम्म तिमी आफूलाई मानिस भन्नमा दोधारमा रहन्छौ । तिम्रो आदर या प्रशंसा उसको तर्फ खिचिएको हुन्छ । उसको गफलाई तिमी सफेद सत्य भनी ठान्दछौ । फेरि उनीहरूको मोहनीबाट पचास गज दूर नभइकन तिमीलाई साँचो कुरा भल्किँदैन । अरू यस्ता शक्तिले स्त्रीजातिका उपर ज्यादा काम गर्दछ । आकर्षण शक्तिको नियमानुसार भिन्न वस्तुहरू परस्पर खिचिन्छन् ।

प्रशंसा-प्रेमको जिउँदो आकार भलादमी हो । हामी अरूलाई आफ्नो पुजारी बनाउन चाहन्छौं । यो भलादमीमा सबभन्दा चर्को तवरले देखिन्छ । दुनियाँको नजर नभए भलादमीपनको दरकार छिएन । पुजा गर्ने हामी देवतालाई सिँगार्दछौं । भलादमी आफैलाई सिँगार्दछ, आफ्नै आसन जमाउँछ, लोकप्रियता र प्रभुत्वको कला भलादमीको स्वाबले लिएर आएको हुन्छ । मानिसको देखावटी चातुर्य भलादमीको प्रतिभा हो । भलादमीपन चरित्रको एउटा विचित्र प्रदर्शनी हो । भलादमीको दुनियाँ बाहिरी देखावटमा हुन्छ । भलादमी र फूसा सिद्ध मनोवैज्ञानिकका दुई छेउमा रहेका हुन्छन् । पहिलाको दृष्टिगोचर दुनियाँसँग सम्बन्ध रहन्छ, पछिल्लाको जगत आँखाको पहुँचपार हुन्छ । एउटाले चर्मचक्षुको हद देखाउँछ, अर्कोले मनको आँखाको सीमा देखाउँछ । एउटालाई अर्को पागल जस्तो हुन्छ । यसलाई वस्त जस्तो ठूलो चमत्कार केही छैन, उसलाई परिधानको बेपरवाही हुन्छ । एउटा भन्छ, 'हेर, रमाइलो दुनियाँ, जीवनको आनन्द कहाँ छ ? खाऊ, पिऊ, हाँस, मोज उडाऊ मानिसकै जुनीको अधिकार हो ।' अर्को भन्छ, 'दुनियाँ रङमगाउँदैछ । म हुँदैन चमत्कार

देख्तछु– ताराङ्कित आकाशको महिमा र भित्रका नैतिक नियमको विभूति !"

**प्रश्नहरू**

(अ) उपर्युक्त कथनमा भलादमीमा आकर्षणशक्तिको सिद्धान्त लागु हुने कुरालाई कसरी देखाइएको छ ?

(आ) भलादमीको स्वभाव केकस्तो हुन्छ ?

(इ) भलादमी र फुस्रा सिद्धका बिच पाइने भिन्नता केके हुन् ?

(ई) माथिका अनुच्छेदहरूको मूलभाव के हो ?

(ख) प्रश्न नं. ६ (क) का अनुच्छेद पढी सोधिएका प्रश्नको सर्वोपयुक्त उत्तरमा रेजा लगाउनुहोस् : १×४= ४

(अ) सफेद सत्य भनेको के हो ?

(क) सेतो सत्य (ख) वास्तविक सत्य

(ग) देखिने सत्य (घ) स्वच्छ सत्य

(आ) भलादमी प्रशंसा-प्रेमको जिउँदो आकार किन हो ?

(क) अरूलाई पुजारी बनाउन चाहने भएकाले

(ख) आफैं सिँगारिने भएकाले

(ग) प्रभुत्वको कला जानेकाले

(घ) देखावटी चातुर्य जानेकाले

(इ) भलादमी भनेको कस्तो व्यक्ति हो ?

(क) आकर्षणको शक्ति भएको

(ख) गफ लगाउने

(ग) मोहनी लगाउन सक्ने

(घ) देखावटीपन भएको

(ई) चर्मचक्षुको हद देखाउनु भनेको के हो ?

(क) आँखा देखाउनु (ख) आँखाले हेर्नु

(ग) आँखाले देखिने कुरामा रुचि देखाउनु

(घ) आँखाले कति परसम्म देखिन्छ भनेर हेर्नु

प्रश्न न. ६ (क) का अनुच्छेद पढी त्यसबाट मुख्यमुख्य चार बुँदा टिप्नुहोस् : ४

अथवा

प्रश्न न. ६ (क) को गद्यांशलाई सङ्क्षेपीकरण गर्नुहोस् ।



विशेषण

८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) कुनै प्रसिद्ध खेडालीको व्यक्तिगत विवरण तयार गर्नुहोस् ।

(ख) कुनै पर्वका अवसरमा दिइने शुभकामना र कुनै विशेष पदमा नियुक्ति पाएकामा दिइने बधाईज्ञापनको नमुना तयार पार्नुहोस् ।

९. तलका शीर्षकमध्ये कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दको निबन्ध लेख्नुहोस् : ७

(क) विद्युतीय सामाजिक सञ्जालको प्रभाव

(ख) नेपालमा आन्तरिक पर्यटन

(ग) मेरो जीवनको लक्ष्य

१०. हालै सम्पन्न भएको कविताप्रतियोगिताका मुख्य सन्दर्भहरूलाई समेटेर एउटा प्रतिवेदन लेख्नुहोस् : ५

११. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् : ४+४= ८

(क) 'मनको दैलो' कवितामा पाइने मुख्य विचार के हो ?

(ख) 'पछ्वरिया टोल' कथामा शीर्षक र परिवेशका बिच कसरी सामञ्जस्य पाइन्छ ?

(ग) 'टाउको' निबन्धमा टाउको अचेल टाउकोजस्तो छैन किन भनिएको हो ?

१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ६

(क) पर्यावरणीय विषयका दृष्टिले 'चुली' उपन्यासको टिप्पणी गर्नुहोस् ।

(ख) 'सत्ताको खोजमा' लघुनाटकमा प्रस्तुत अस्तित्ववादी विचारप्रति दुई साथीबिच हुने संवाद लेख्नुहोस् ।

□